लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**

पत्र संख्या:२०८१/०८२

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.lumbini.gov.np

सुचना नं.- ०१

## कृषि विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/२० गते)**

यस केन्द्रको आ.व. २०८१/०८२ को स्विकृत कार्यक्रम अनुसार तपशिल अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक बांके जिल्ला भित्रका आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति:२०८१/०७/०४ गते सम्म) यस कार्यालयमा आवश्यक तपशिलका कागजातहरु सहित खामबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ यस केन्द्रको सूचना पाटी/वेबसाईट (akcbanke.lumbini.gov.np) बाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क फोन नं. ०८१५३०२२५ वा सूचना अधिकारी (९८५८०७०२२५) मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | बिउ आत्मनिर्भर कार्यक्रम | • उत्पादन सामग्रीः श्रोत बिउ, सुचीकृत प्रांगारिक मल, सुक्ष्म तत्व खरिद<br>• प्याकेजिङ सामग्री, बिउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद । | • बिउ आत्मनिर्भर कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा संचालन गर्नुपर्नेः<br>बीज वृद्धि — तराई (कट्ठा)<br>खाधान्न बाली बिउ — १५०<br>दलहन/तेलहन बिउ — ६०<br>• एकल वा समुहमा बिउ उत्पादन गर्न सकिने ।<br>• सामुहिक बिउ उत्पादन कलस्टरमा गर्नु पर्ने ।<br>• बिउ बिजन कारोवार गर्ने अनुमतिपत्र लिएको हुनु पर्ने वा त्यस्तो संस्थासंग समन्वय गरेको हुनुपर्ने ।<br>• श्रोत तथा प्रमाणित बिउ उत्पादकलाई प्राथमिकता दिइने । | जिल्लाभर | • बिउ आत्मनिर्भर कार्यक्रमको हकमा प्रोत्साहन स्वरूप देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ ।<br>• आलु (पी वि एस प्रति १०० दाना) बाट बिउ उत्पादन रु.२५००/-<br>• खाधान्न/दलहन/तेलहन बिउ उत्पादनमा प्रति रोपनी रु.१५००अनुदान दिइने । |

२०८१/०६/२०

विनोद घिमिरे
कार्यालय प्रमुख
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्या:२०८१/०८२

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पि.वि.एस बीउ आलु वितरण | • बीउ खरिद तथा वितरण | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने, सिचाई सुविधा भएको हुनु पर्ने ।<br>• बीउ उत्पादन कार्यमा संलग्न भएको हुनुपर्ने ।<br>• उत्पादित आलु बीउ प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने । | जिल्लाभर | • कुल लागतको ७५% अनुदान |

संलग्न गर्नु पर्ने कागजात हरू:

१. प्रस्तावकको निवेदन (अनुसूचि ३३ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि तथा बैंक खाताको चेक।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३५ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको तिरो तिरेको रसिद।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. कार्यक्रममा सहभागी हुन तथा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।

पुनश्चः

१। प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा पेश गर्नु पर्ने छ ।

विनोद घिमिरे
कार्यालय प्रमुख
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं तह)